२०७७/०१/२०

# राष्ट्रिय एकताको लागि हाम्रो अनुरोध

कोभिड-१९ को विश्वव्यापी महामारीले हाम्रो देश पनि आक्रान्त छ । देशको यो बिषम र अकल्पनिय परिस्थितीको हामी सामना गरिरहेका छौ । कोरोनाको प्रकोप, जोखिम र क्षतिलाई अहिले नै पूर्वानुमान गर्न सकिने अवस्था छैन । कोरोनासंग सघर्ष गर्नु पर्ने बर्तमान आवश्यकतामा अचानक देशको बदलिदो घटनाक्रमले हामीलाई चिन्तित र मर्माहत बनाएको छ ।

१. कोरोना कहरमा सरकारको सम्पूर्ण ध्यान कोरोनाको नियन्त्रण गर्ने तर्फ हुनु पर्नेमा, सरकार र सरकारबादी दल भित्रको राजनैतिक परिदृश्यले नेपालीलाई तरंगित बनाएको छ । सरकारको नेतृत्व गर्ने दलले देश र नागरिप्रतिको कर्तब्यलाई केन्द्रविन्दुमा राखेर उपयुक्त समयमा उपयुक्त काम नगरी बर्तमान आवश्यकतालाई उपेक्षा गर्दा कोरोनाबाट आहात भएका नागरिकमा मनोवैज्ञानिक चोट परेको छ ।

२. अन्य राजनैतिक दलहरु आफ्नो स्वार्थ भन्दा माथी उठेर कोरोना विरुद्ध लडदा राम्रो परिणाम आउने कुरालाई आत्मसाथ र जिम्मेवारीबोध नगरी दोषारोपण र आरोप प्रत्यारोपमा उत्रिदा सिंगो नेपालीको आशा र भरोषा माथी प्रश्न चिन्ह खडा भएको छ ।

३. कोरोनाले प्रभावित भएकाहरुको पहिचान गर्ने, उपचार गर्ने, पूनर्स्थापना गर्ने, राहत र सहयोग उपलब्ध गराउने र अन्य सम्पूर्ण पक्ष तथा क्षेत्रहरुको समुचित व्यवस्थापन आदी जस्ता कार्य गर्नु पर्ने बर्तमान अवस्थामा सम्वन्धित पक्षहरु आत्मकेन्द्रित भै राष्ट्रिय समस्यालाई गम्भिर रुपमा उपेक्षा गर्दै सम्पूर्ण शक्ति र सामर्थ्य अन्तै अर्के कार्यमा लगाउदा समग्र नेपालीको राज्य प्रतिको आशा, भरोषा र विश्वास घट्न जाने अवस्था छ ।

अतः देशको बदलिदो वर्तमान अवस्था प्रति हाम्रो ध्यानाकर्षण भएको छ । तिता मिठा कुराहरु, रिस राग र स्वार्थलाई केही समय थाती राखेर सवै पक्ष एक हुने बेला आएको छ । संघिय, प्रादेशिक र स्थानिय सरकार, सरकारबादी दल, प्रमुख प्रतिपक्षी दल र अन्य राजनैतिक दलहरु लगायत बर्गिय संघ संगठन, राष्ट्रिय अन्तर्राष्ट्रिय संघ संस्थाहरु र सम्पूर्ण नेपाली दाजु भाई तथा दिदी बहिनीहरुलाई टुटेर हैन जुटेर, फुटेर हैन मिलेर देश र नागरिकको पक्षमा राष्ट्रिय एकताको बाताबरण बनाई कोनोरा विरुद्धको लडाई सामुहिक रुपमा लडन हार्दिक अनुरोध गर्दछौ ।

**अनुरोधकर्ताहरुः**

१. काशीनाथ चुडाल, नागरिक अगुवा ।
२. दीपक खतिवडा, अधिवक्ता
३. सुजन दाहाल, लेखक
४ डा.शुसिल साह, प्राध्यापक
५. अनिष खनाल, व्यवसायी
६. डा. ज्वाला कँडेल, चिकित्सक
७. डा. विश्वराज काफ्ले, चिकित्सक
८. तेजु प्रसाई, व्यवसाथी
९. बिपिन बस्नेत, उद्योगी
१०. सन्देश लुइटेल, इन्जिनियर
११. विष्णु बुढाथोकी, कृषक